Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/22**

**2 0 2 2**

# NEPALI

## ( Modern Indian Language )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख (कुनै **दश**)ः 1×10=10

(क) पश्चिममा काली नदीदेखि पूर्वमा मेची नदीसम्मका आदिवासीहरू को हुन्?

*(i)* खस

*(ii)* नेवारी

*(iii)* तुरानियन

*(iv)* गुरुङ

(ख) लहसो लागेर सरको प्यारो हुन खोज्नेलाई आधुनिक शिक्षक के मान्छ?

*(i)* शत्रु

*(ii)* मित्र

*(iii)* राम्रो विद्यार्थी

*(iv)* मिल्ने शिक्षार्थी

(ग) ''आँखामा ताल्चा मार्ने, नाकमा ठेंडी मार्ने को हो कुन्नि?''
माथिको वाक्य कुन पाठमा पाइन्छ?

*(i)* शत्रु

*(ii)* परालको आगो

*(iii)* कैकेयी

*(iv)* लोग्ने

(घ) को मारुनी भएर मादल बजाउँदै नाच्तै गर्न लागेको थियो?

*(i)* चामे

*(ii)* कृष्णराय

*(iii)* कोकले

*(iv)* चतुरे

(ङ) कृष्णरायले कतिवर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन्?

*(i)* १०/११ वर्षदेखि

*(ii)* ११/१२ वर्षदेखि

*(iii)* १०/१२ वर्षदेखि

*(iv)* १२/१३ वर्षदेखि

(च) 'मुकुन्द-इन्दिरा' के हो?

*(i)* नाटक

*(ii)* उपन्यास

*(iii)* कथा

*(iv)* निबन्ध

(छ) उच्च शिक्षा लिन को कलकत्ता गएको छ?

*(i)* मदन

*(ii)* भवदेव

*(iii)* मुकुन्द

*(iv)* रमेस दास

(ज) ''लोचनका तारा! हे मेरा प्यारा! यो जाति बिलाए।''
माथिको पङ्क्तिमा 'लोचन' भनेको के हो?

*(i)* नाक

*(ii)* कान

*(iii)* टाउको

*(iv)* आँखा

(झ) 'मुना-मदन' खण्डकाव्य कुन छन्दमा लेखिएको छ?

*(i)* सवाई

*(ii)* झ्याउरे

*(iii)* अनुष्टुप्

*(iv)* मालिनी

(ञ) बालकृष्ण समले तलकामध्ये कुन कथा लेखेका छन्?

*(i)* कैकेयी

*(ii)* लोग्ने

*(iii)* शत्रु

*(iv)* परालको आगो

(ट) आर्य-भाषाको अपभ्रंशको एउटा शाखा बोली कुन थियो?

*(i)* नेवारी

*(ii)* मगर

*(iii)* खस

*(iv)* लाप्चा

(ठ) ''अब असुरदलको राम्रै पराजय भयो।''

माथिको वाक्यका लेखक को हुन्?

*(i)* पुष्कर शमशेर

*(ii)* विश्वेश्वरप्रसाद कोइराला

*(iii)* गुरुप्रसाद मैनाली

*(iv)* बालकृष्ण सम

**2.** कोष्ठमा दिइएका सही शब्द छानेर रित्तो ठाउँ पूरा गर (कुनै **पाँच**): 1×5=5

(क) हम्रो नेपालको भाग्य हमी नेपालीको ______छ।

(हातैमा/हालतमाथि)

(ख) तिमीले हाँसे म हाँक्न सक्छु इन्द्रको ______ ।

(आसन/राज्य)

(ग) डर कुनै रोगको ______ होइन, डर आफै रोग हो।

(ओखती/औषधि)

(घ) भैगो यो ______ नै होला तिम्रो सन्देशको मसी। (चिठी/आँसु)

(ङ) ______ का अनुवादक स्वर्गीय गङ्गाप्रसाद प्रधान थिए।
(बाइबल/नेपाली व्याकरण)

(च) आफू यिनैले ______ यस्ता पारेका हुन्।
(तिमीलाई/मलाई)

(छ) बादल जतिसुकै ______ होस् त्यसको भित्री चाँदी जस्तो सेतो हुन्छ।
(सेतो/कालो)

(ज) घनघोरसित ______ बज्न थाल्यो। (बाजा/नगरा)

**3.** वाक्यमा भनिएका कुरा सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख (कुनै **पाँच**) : 1×5=5

(क) कृष्णरायलाई सब प्रकारको सुख थियो।

(ख) साहिंलीको लोग्ने साह्रै राम्रो थियो।

(ग) 'कैकेयी' कथा बालकृष्ण समले लेखेका हुन्।

(घ) 'मुना-मदन' एउटा राम्रो नाटक हो।

(ङ) टर्नबुलले *A Nepali Grammar* नामको पुस्तक लेखे।

(च) 'गुन्द्रुकको पुकार'मा गुन्द्रुकको वर्णन गरिएको छ।

(छ) मुकुन्द पैसा कमाउन कलकत्ता जान्छ।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका प्रश्नको *5/6* वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 3×5=15

(क) 'बोली' भाषा बन्नका लागि के-के चाहिन्छ?

(ख) आधुनिक शिक्षकको छात्र-जीवन कस्तो थियो?

(ग) मदन किन भोट जान चाहन्छ?

(घ) कृष्णरायले कस्तो दुर्गुणलाई गुण ठानेर बसेका थिए?

(ङ) ''अङ्ग्रेजी पढ्यो कि मान्छे बिग्रन्छ भनेको साँच्चै रहेछ।'' यो वाक्य कसले कसलाई किन भनेको हो?

(च) मुकुन्द को हो? ऊ किन कलकत्ता जान्छ?

(छ) मुना र इन्दिरा-का के-कस्ता समस्या रहेका छन्?

**5.** (क) तल दिइएका टुक्का प्रयोग गरेर वाक्य बनाऊ (कुनै **तीन**) : 1×3=3

माटो खानु; संसार हेर्नु; कैंची मार्नु; हावा खानु; हात हाल्नु; जिब्रो टोक्नु।

(ख) तलका उखानको अर्थ लेख (कुनै **तीन**) : 1×3=3

*(i)* काग कराउँदै जान्छ पिनास सुक्दै जान्छ।

*(ii)* अकबरी सुनलाई कसी लाउनु पर्दैन।

*(iii)* जसले मह काढ्छ उसले हात चाट्छ।

*(iv)* नाच्न नजान्ने आँगन टेढो।

*(v)* ओरालो लागेको मृगलाई बाच्छाले खेद्छ।

(ग) तलका पुलिङ्ग शब्दलाई स्त्रीलिङ्ग बनाऊ (कुनै **छ**) : ½×6=3

थापा; नर; पुरुष; पोइ; देव; भाले; मामा; जुवाइँ।

(घ) तलका शब्दका विपरीत शब्द लेख (कुनै **छ**) : ½×6=3

लेख्छ; रोप्छ; चढ्छ; आकाश; गुलियो; बुढो; नयाँ; लामो।

(ङ) उपसर्ग छुट्टाऊ (कुनै **छ**) : ½×6=3

सुविचार; अनुकूल; विज्ञान; अभिनय; बेनाम; अज्ञान; प्रगति; उपसंहार।

## ( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर (कुनै **दुइ**)ः 5×2=10

(क) किन शंका उद्योगमा आमा? तँ चिता म पुऱ्याउँला महादेव यही भन्छन् कि चितामा पुऱ्याउँला।

(ख) ती आमालाई दूधको घुड्कोले गला रसाउँ, उनको यौटा पाटी र धाराको इच्छा पुऱ्याउँ।

(ग) अब घर गै भने कैल्यै कुट्ने छैन। जुठे दाइकाभन्दा बढ्ता कदर गरेर राखिनँ भने अनि भन्नु।

(घ) पुरखादेखि जे चलेर आएको त्यही गर्नुपर्छ।

**7.** कृष्णराय को हो? उसले किन धेरै शत्रु बनाउँछ? 5

**अथवा**

देवता र दानवबीच भएको युद्धको वर्णन गर।

**8.** 'गुन्द्रुकको पुकार' कसको के हो? गुन्द्रुकले कसरी धनी-गरीबको सहायता गरेको छ? 5

**अथवा**

'खस' को थिए? खस भाषा कसरी मातृभाषा भयो?

**9.** मुनाको चरित्र चित्रण गर। 5

**अथवा**

भोटेको चरित्र चित्रण गर।

**10.** मुकुन्द को हो? उसले कसरी इन्दिराको परीक्षा लिन्छ? 5

**अथवा**

भवदेवको चरित्र चित्रण गर।

**11.** कोरोनाबाट बँच्न खोप (इन्जेक्सन) लगाउनुपर्छ भनेर सल्लाह दिँदै मित्रलाई एउटा पत्र लेख। 5

**12.** कुनै **एउटा** विषय छानेर निबन्ध लेख : 10

(क) अनलाइन शिक्षा

(ख) कोरोना रोग

(ग) समयको महत्त्व

(घ) कुनै रमाइलो दिन

**13.** तलको अनुच्छेद पढेर सोधिएका प्रश्नको उत्तर लेख :

ज्ञान क्रियात्मक र रचनात्मक हुनुपर्छ। प्रत्येक प्राप्त ज्ञानलाई प्रयोग र परीक्षण गर्नुपर्छ। व्यवहारमा नआउने ज्ञानको कुनै प्रयोजन हुँदैन। मुनष्यले आफै सबै कुरा सिक्दैन। ऊ अरूद्वारा शिक्षित बन्छ। प्रत्येक विद्यार्थीले निरभिमान भएर योग्य शिक्षकबाट शिक्षा लिनुपर्छ। सय ग्रन्थ पढेर पाउन नसकिने ज्ञान योग्य शिक्षकबाट एक घण्टामै प्राप्त हुन्छ। कतिपय आवश्यक कुरा अनुभवद्वारा प्राप्त गर्न सकिन्छ। आवश्यकता आविष्कारको जननी मानिन्छ। अभ्यासद्वारा प्राप्त ज्ञान सक्रिय र ठोस हुन्छ।

**प्रश्नहरू :**

(क) ज्ञान कस्तो हुनुपर्छ? 1

(ख) मानिस कसरी शिक्षित बन्छ? 1

(ग) सय ग्रन्थ अध्ययन गरेर नपाइने ज्ञान कोबाट एक घण्टामा प्राप्त हुन्छ? 1

(घ) केलाई आविष्कारको जननी मानिन्छ? 1

(ङ) उपर्युक्त अनुच्छेदको उचित शीर्षक के हुनसक्छ? 1

★ ★ ★